सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाँडा,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८२।०८३
च.न. १२८४

(सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३)

मितिः २०८२।१२।२२

श्री वडा कार्यालयहरु सबै ।
श्री विषयगत शाखाहरु ।
सरुमारनी गाउँपालिका, प्यूठान ।

**विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१२।१९ गतेको बैठकका निर्णयहरु आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

..........................
२०८२।१२।२२
(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## मिति २०८२।१२।१९ गते
## गाउँकार्यपालिकाको पचहत्तरौं बैठकका प्रस्तावहरु:

१. प्रगति समिक्षा सम्बन्धमा।
२. रक्तसंचार केन्द्र सहयोग सम्बन्धमा।
३. जनता मा.वि. विधालय भवन निर्माण सम्वन्धमा ।
४. स्थानीय जलवायु अनुकूलन योजना स्वीकृत सम्वन्धमा।
५. कार्यविधि स्वीकृत/संशोधन सम्वन्धमा ।
६. जग्गा प्लङ्गटिङ्ग वा खण्डीकरणको संभावना सम्वन्धमा ।
७. ब्यवस्थापन परीक्षण प्रतिबेदन सम्बन्धमा।
८. विषयगत समितिका प्रतिवेदन सम्बन्धमा।
९. एकीकृत घुम्तीसेवा सम्बन्धमा ।
१०.फोहरमैला ब्यबस्थापनको लागि तोकिएको स्थान सम्वन्धमा।
११.खाद्य असुरक्षा भएका वस्ति/टोल छनौट सम्बन्धमा ।
१२.वाल अधिकार समिति गठन सम्बन्धमा ।
१३.ढुंगा गिट्टी वालुवा सम्बन्धी जिल्ला प्रशासन कार्यालयको पत्र सम्बन्धमा ।
१४. गरिव घरपिरवार परिचयपत्र वितरणको लागि गणक छनौट सम्बन्धमा ।
१५. डिजिटल विधालय कार्यक्रमको ठेक्का जरिवाना सम्बन्धमा ।
१६. डिजिटल विधालय कार्यक्रमको ईलेक्ट्रिक वाईरिङ्ग/नेटवर्किङ्ग ब्याकअप शिर्षकको वजेट सम्बन्धमा ।
१७. LoCAL परियोजनाका योजना संचालन सम्बन्धमा ।
१८. बातावरण निरीक्षक नियुक्ति/अदालतको तामेली पत्र सम्बन्धमा ।
१९. विकास निर्माणका कार्यमा सहजीकरण सम्बन्धमा।
२०. आवधिक योजना निर्माण गर्ने सम्बन्धमा ।
२१. विद्यालय कक्षा थपको अनुमति सम्बन्धमा ।
२२.बर्थिङ्ग सेन्टर सुचीकृत सम्बन्धमा ।
२३.योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
२४.आर्थिक सहायता सम्बन्धमा।
२५.बिबिध सम्बन्धमा।

- राष्ट्रिय सहकारी दिवसको लागि सहयोग सम्बन्धमा ।
- कार्यालय सहयोगि भर्ना सम्बन्धमा ।
- जाली र मोटर खरिद सम्बन्धमा ।
- बाखा खरिद सम्बन्धमा ।
- मिनिटेलरको साझेदारी रकम सम्बन्धमा ।

बैठक संख्या-७५

मितिः २०८२।११।२८ गते

## गाउँकार्यपालिकाको पचहत्तरौं बैठकका निर्णयहरु

**निर्णय नं. १. प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।२२ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो।साथै वडा कार्यालय, शाखाहरु र शाखाहरुवाट हाल सम्म भएको प्रगतिको अवस्थाको विषय जानकारी भयो ।

**निर्णय नं. २. रक्तसंचार केन्द्र सहयोग सम्बन्धमा।**

प्रस्ताव नं.१ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा प्यूठानको मिति २०८२।१२।०४ गतेको पत्रानुसार रक्त सञ्चार सेवा केन्द्र सहयोगको लागि यस गाउँपालिकाको चालू आ.ब. मा स्वीकृत बजेट रु. १,००,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३. जनता मा.वि. विधालय भवन निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकार शिक्षा तथा मावनस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.न. ५१ मिति २०८२।०९।२९ गतेको पत्र अनुसार राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि यस गाउँपालिकाको जनता मा.वि. वडा नं. ४ बड्डाडाको लागि ४ कोठे भवन निर्माणको लागि रु. ६०,००,०००/- (साठी लाख मात्र) वजेट स्वीकृत भई आएको र उक्त भवन निर्माण कार्य वोलपत्र माध्यामबाट गर्न/गराउन तत्काल समय अभावका कारण उक्त भवन बिद्यालय ब्यवस्थापन समिति/निर्माण समिति गठन गरी निर्माणको कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४. स्थानीय जलवायु अनुकूलन योजना स्वीकृत सम्बन्धमा।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जनताको लागि उर्जा तथा वातावरण विकास संस्था( PEEDA) को आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाको वातावरण संरक्षण, अनुकूलन, स्थानीय विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी स्थानीय अनूकुलन कार्ययोजना ( २०८२/०८३-२०८७/०८८ ) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५. कार्यविधि स्वीकृत/संशोधन सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाका निम्न कार्यविधि स्वीकृत/संशोधन गर्ने निर्णय गरियो ।

<u>तपिशल:</u>

- छोरी पेवा वचत कोष संचालन कार्यविधि २०७५ प्रथम संशोधन, २०८२
- बाल अधिकार संरक्षण, प्रवर्धन र वाल अधिकार समिति गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०८२

**निर्णय नं. ६. जग्गा प्लङ्गटिङ्ग वा खण्डीकरणको संभावना सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकामा हाल सम्म कुनै व्यक्ति वा संस्थाले जग्गा प्लटिङ्ग वा खण्डिकरण गर्ने नगरिएको ब्यहोरा प्रमाणित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७. व्यवस्थापन परिक्षण प्रतिबेदन सम्बन्धमा।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा कार्यालयवाट तयार गरिएको यस गाउँपालिकाको आ.ब. २०८१।०८२ को व्यवस्थापन परीक्षण प्रतिवेदनको मूल्यांकनमा प्राप्ताङ्क ६८.७५ प्राप्त भएको, व्यवस्थापन परिक्षण निर्देशिका २०७९ को अनुसूची १ (ख) बमोजिम ६०-७५ भित्र पर्छ जुन ग्रेड "B +" आएकोले राम्रो ग्रेड रहेको जानकारी भयो ।यसका सूचक अनूसारको प्राप्त निम्नानुसार रहेको छ ।

तपशिलः

| क्र.स. | विषयक्षेत्र | जम्मा पुर्णाङ्क | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीतिगत तथा कानुनी व्यवस्था | ४ | २.२५ |
| २ | कर्मचारी प्रशासन तथा व्यवस्थापन | २३ | १५ |
| ३ | कार्यालय व्यवस्थापनमा | ११ | ५.५ |
| ४ | अभिलेख व्यवस्थापनमा | ९ | ६.५ |
| ५ | जिन्सी व्यवस्थापनमा | ९ | ७.७५ |
| ६ | बार्षिक कार्यक्रममा | ६ | ४ |
| ७ | आर्थिक प्रशासनमा | ७ | ५.२५ |
| ८ | सेवा प्रवाहमा | ११ | ८ |
| ९ | सूचना प्रवाह तथा सूचना प्रविधिमा | १० | ६.२५ |
| १० | गुनासो व्यवस्थापनमा | १० | ८.२५ |
| जम्मा | | १०० | ६८.७५ |

**निर्णय नं. ८. विषयगत समितिका प्रतिवेदन सम्बन्धमा।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँकार्यपालिका अन्तर्गत गठन भएका ५ वटै विषयगत समितिहरुले चालू आ.ब. को हाल सम्म गरेका क्रियाकलापहरुको प्रतिवेदन तयार गरी एक महिना भित्र गाउँकार्यपालिकामा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९. एकीकृत घुम्तीसेवा सम्बन्धमा ।**

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाका विभिन्न शाखाहरुबाट आम नागरिकलाई प्रदान गरिने घुम्ती सेवाहरु एकीकृत रुपमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०. फोहरमैला ब्यबस्थापनको लागि तोकिएको स्थान सम्बन्धमा।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँकार्यपालिका अन्तरगत सरुमारानी गाउँपालिकाको वडा नं. १ र २ को सिमानामा पर्ने दमैपुरे डाडो (रातो डाडा) भन्ने स्थानमा हाल सम्म फोहरमैला ब्यस्थापन कार्य भईरहेकोले अर्को ब्यवस्था नभए सम्मको लागि सोही स्थानमा फोहरमैला ब्यबस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११. खाद्य असुरक्षा भएका बस्ति/टोल छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँकार्यपालिका विभिन्न वस्ती/टोलहरुमा खाद्य सुरक्षा सुनिश्चिताको लागि खाद्य पहुँच अभिवृद्धि कार्यक्रम संचालन गर्न खाद्य असुरक्षा भएका वस्ती/टोल र घरधुरी छनौट गरी सिफारिसको लागि सवै वडा हरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १२ वाल अधिकार समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको स्वीकृत बाल अधिकार संरक्षण, प्रवर्धन र वाल अधिकार समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२ मा ब्यवस्था भए बमोजिम तपशिलको स्थानीय बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

तपिशलः

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) गाँउपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य -सदस्य

- मनकला सूनार- वडा सदस्य वडा नं. २
- गौमती खाम्चा – वडा सदस्य वडा नं. ५

(ग) गाँउपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट

- श्री भक्त वहादुर मरसाङ्गी ( प्र.अ. श्री सरस्वती मा.वि. बांगेशाल ) -सदस्य

(घ) गाँउपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षक मध्येबाट

- श्री गिता पन्थी शिक्षक खड्केश्वरी मा.वि. दर्भान -सदस्य

(ङ) गाँउपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता, बाल मनोविज्ञ वा बाल विशेषज्ञ मध्ये मनोसामाजिक परामर्शकर्ता श्री सृजना तिमिल्सिना -सदस्य

(च) गाँउपालिकाको बालबालिका शाखा प्रमुख, -सदस्य

(छ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख प्रमूख -सदस्य

ज) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(झ) गाँउस्तरिय वाल सञ्जालले तोकेको १ जना वालिका सहित २ जना - सदस्य

- अनुष्का पुन -जनता मा.वि. वड्डाडा
- तिर्सना राना – सरस्वती मा.वि. चाभा

(ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट पालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

- उपाध्यक्ष श्री नर्मदा गिरी- साना किसान कृषि सहकारी संस्था-बांगेशाल
- व्यवस्थापक श्री रेवत प्रसाद खनाल-ऐरावती कृषि सहकारी संस्था-वड्डाडा

(ट) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी श्री वड्डाडा प्रहरी चौकी प्रमुख -सदस्य

(ठ) बाल कल्याण अधिकारी -सदस्य–सचिव

साथै वालवालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा वाल संरक्षण कार्य समेत गर्नका लागि यस गाउँपालिकाको महिला विकास शाखा प्रमुखको काम गर्न तोकिएको कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३. ढुंगा गिट्टी वालुवा सम्बन्धी जिल्ला प्रशासन कार्यालयको पत्र सम्बन्धमा।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय प्यूठानको मिति २०८२।१२।१६ च.न. २०६३ को जानकारी सम्बन्धी पत्रअनुसार निम्नानुसारको निर्णय गरियो ।

क) सरुमारानी गाउँपालिकाको वडा नं १ स्थित तित्रिबाझ वेलघाट घाटको रासी खोलामा रहेको ढुङ्गा, गिट्टी र वालुवा उत्खनन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण विपरित उत्खनन् भएको भनि जिल्ला प्रशासन कार्यालय प्यूठानमा उजुरी दर्ता भएको र सो सम्वन्धमा मिति २०८२।१२।१३ गते जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं गाउँपालिकाका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहितको उपस्थितिमा अनुगमन सम्पन्न भएकोमा अनुगमनका क्रममा उक्त स्थानमा IEE प्रतिवेदनमा उल्लेख गरिएको गहिराई भन्दा बढी गहिराईमा उत्खनन् भएको पाईएको र नदिको बहाव नजिकैबाट समेत मेसिन प्रयोग गरी उत्खनन् भएको पाईएको र खाल्डाहरु समेत पाईएकोले सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको पत्रको सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

१. विगत वर्षहरुमा पनि गाउँपालिकाको ठूला विकास निर्माणका आयोजनाहरुमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार नै हुने गरी जिल्ला अनुगमन समिति,

जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय समेतको समन्वयमा नदीजन्य पदार्थ जिल्ला बाहिर नजाने गरी स्थानीय खपतको लागि IEE को प्रतिवेदनमा उल्लेखित परीमाणको आधारमा निश्चित समयावधि तोकी उक्त स्थानको विपद् संवेदनशिलताको अवस्था हेरी उत्खनन् गर्दै आएकोमा यस आ.व. मा पनि संघ, प्रदेश सरकार र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट ठुला प्रकृतिका नदिजन्य पदार्थ खपत हुने आयोजना संचालन गर्नु पर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनूकुल हुने गरी साथै राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिको उत्खनन् सहमतीका आधारमा उक्त उत्खनन् कार्य गाउँपालिकाको प्रदेश समपुरक आयोजना कार्यान्वयन गर्न गरिएको थियो ।

२. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित भएवमोजिमको मापदण्ड एवं परिमाणमा उत्खनन् भएको छ छैन भन्ने सम्वन्धमा यस पालिकाको प्राविधिक जनशक्तिबाट उक्त स्थानको स्थलगत नापजाँच गर्दा उत्खनन् भएको परिमाण देहाय वमोजिमको रहेकोछ ।

तपशिलः तित्रिबाँझ बगरमा उत्खनन् भएको ढुङ्गा गिट्टी र बालुवाको परिमाण

नापी मिती २०८२।१२।१६

| क्षेत्र | विवरण | लम्वाइ | चौडाइ | उचाइ | परिमाण | एकाइ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | सेक्सन १ | १५.०० | ७.०० | ०.८० | ८४.०० | घन मिटर | h=.9+.7/2 |
| | सेक्सन २ | १५.०० | ८.०० | १.१० | १३२.०० | घन मिटर | h=1.4+.8/2 |
| | सेक्सन ३ | १५.०० | ६.५० | १.१५ | ११२.१३ | घन मिटर | h=1.5+.8/2 |
| | सेक्सन ४ | १५.०० | ५.०० | १.२० | ९०.०० | घन मिटर | h=1.5+.9/2 |
| | सेक्सन ५ | १३ | ३.५ | १.३५ | ६१.४३ | घन मिटर | h=1.5+1.2/2 |
| ख | | | | | | | |
| | सेक्सन 1 | ४० | ९ | ०.७५ | २७० | घन मिटर | h=.3+1.2/2 |
| | **जम्मा उत्खनन्** | | | | ७४९.५५ | घन मिटर | |

उक्त प्रतिवेदनले देखाए अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख गरिएको औषत गहिराई भन्दा बढी गहिराईमा उत्खनन् भएको पाईयो साथै खोलाको वहाव नजिकैबाट समेत उत्खनन् भएको पाईयो ।

➢ सो सम्वन्धमा यस कार्यालयबाट मिति २०८२।१२।१५ गते के.सी. निर्माण सेवा फुलवारी- ३ दाङ्ग लाई स्पष्टिकरण सोधिएकोमा पालिकालाई नियमानुसारको राजश्व बुझाएको र आफुले उत्खनन् गरेको स्थानबाट अन्य टेक्टरहरुले पनि उत्खनन् गरी लगेको हुँदा बढी गहिराई भएको हो भनी स्पष्टिकरण पेश गरेको पाईयो ।

- यति हुदाँहुदै पनि उक्त स्थानको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिको उत्खनन् परिमाण भन्दा वढी उत्खनन् भएको पाईदैन ।
- तर निर्माण व्यवसायिले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना नगरी उत्खनन् गरेकोले यस कार्यालयबाट स्पष्टीकरण पेश गर्न लगाईएको, आगामी दिनमा उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसारको शर्तहरुको पालाना गर्न गराउन सजग र सतर्क गराईएको साथै आगामी दिनमा यस्ता शर्तहरु तथा मापदण्डको पूर्ण पालनाको लागि उक्त निर्माण व्यवसायिलाई प्रथम पटकका लागि रु.२०,०००/- जरिवाना गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिका अन्तर्गत वडा नं. २ गनाहामा यस अघिको कार्यपालिका बैठकले निजि जग्गा (कि.न. २००, जग्गाधनी जमिर शाहा,वसन्त वहादुर जि.सी., महेन्द्र वहादुर के.सी., र वहादुर कर्ण के.सी.) मा नदि जन्य पदर्थ (ढुंङ्गा, गिट्टी र वालुवा) उत्खनन् तथा निकासीका लागि यस कार्यालयमा नियमानुसारको राजश्व बुझाई मिति२०८२।१२।०२ मा उत्खनन् तथा निकासी अनुमती दिईएकोमा मिति २०८२।१२।११ गते यस कार्यालयबाट उक्त कार्यको अनुगमन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन भन्दा बढी परिमाणमा उत्खनन् भएको पाईएकोले उक्त उत्खनन् तथा निकासी कार्य तत्काल बन्द गरीएकोमा मिति २०८२।१२।१३ गते जिल्ला समन्वय समितिका प्रमुख, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं गाउँपालिकाका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहितको उपस्थितिमा उक्त स्थानको स्थलगत अनुगमन गरिएकोमा जिल्ला अनुगमन समितिबाट समेत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरिएको र उक्त उत्खनन् तथा निकासी कार्य तत्काल वन्द गरी बढी उत्खनन् र निकासी भएको परिमाणको थप राजश्व/जरिवाना तिराउनु भन्ने मौखिक आदेश प्राप्त भएको सम्वन्धमा जिल्ला प्रशासन कार्यालयको मिति २०८२।१२।१६ च.न. २०६३ को दोश्रो पत्रका सम्वन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

- के कसो प्रकृयाले उत्खनन् गर्न अनुमति/स्वीकृति दिईएको हो भन्ने सम्बन्धमा उक्त स्थानमा पर्ने विभिन्न व्यक्तिहरुको नाममा दर्ता रहेको निजि जग्गाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी उक्त प्रतवेदनमा उल्लेखित परिमाण वरावरको राजश्व गाउँपालिकामा बुझाई ढुंङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को दफा १६ अनुसार अनुमति दिईएको हो ।
- स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनमा उल्लेख भए बमोजिमको मापदण्ड एवं परिमाणमा उत्खनन् भएको छ छैन साथै खोलाको किनारामा उत्खनन्

भएको देखिएकोले सो जग्गा पनि निजि आवादी जग्गा हो होईन भन्ने सम्वन्धमा थप अध्ययन जाचबुझ गर्न गाउँपालिकाका प्राविधिक शाखा प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको एक अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।साथै समितिले ३ दिन भित्र अध्ययन प्रतिवेदन कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

क) गा.पा. प्राविधिक शाखा प्रमुख- संयोजक

ख) सम्बन्धित वडाको प्राविधिक प्रतिनिधि-सदस्य

ग) गा.पा. को अमिन-सदस्य

साथै उक्त जग्गाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने फर्मको आधिकारिक व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा राखे ।

- अध्ययन समितिको अध्ययन प्रतिवेदन प्राप्त भए पश्चात सोही प्रतिवेदनका आधारमा थप आवश्यक निर्णय गर्ने ।

साथै यस अघि जिल्ला अनुगमन समितिको अनुगमन पश्चात मिति २०८२।१२।१५ मा जो जग्गाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने फर्मलाई कार्यालयबाट उक्त स्थानको उत्खनन् भएको र वाकी परिमाण एकिन गरी अध्ययन प्रतिवेदन पेश गर्ने भनी पत्राचार गरिएकोमा उक्त फर्मबाट प्राप्त अध्ययन प्रतिवेदन र यस कार्यालयले गठन गरेको अध्ययन समितिको प्रतिबेदनको आधारमा थप आवश्यक प्रकृया अवलम्वन गर्ने, यदि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका शर्त विपरित उत्खनन् तथा निकासी भएको पाईएमा आवश्यक कारवाही ( दण्ड, जरिवाना, थप राजश्व असुल) प्रक्रिया अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४. गरिव घरपरिवार परिचयपत्र वितरणको लागि गणक छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट यस गाउँपालिकामा गरिव घरपरिवार परिचयपत्र वितरणको लागि गणक छनौट गरी कार्यक्रम संचालनको लागि अख्तियारी पत्र प्राप्त भएको र यस कार्यालयका कर्मचारीको लागि समेत तालिम संचालन भएकोले गरिव घरपरिवार परिचयपत्र वितरण कार्यक्रमको तथ्यांक संकलनको लागि गणक छनौटको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५. डिजिटल विधालय कार्यक्रमको ठेक्का जरिवाना सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँकार्यपालिकाको मिति २०८२।११।२८ गतेको निर्णय अनुसार डिजिटल विधालय कार्यक्रम कार्यान्वयनको लागि ईगल आईटी सर्भिस प्रा.लि. नेपालगंज, वाकेको फर्मसंग भएको संझौता अनुसार मिति २०८२।११।१५ गते सम्म म्याद थप भएको र निज फर्मले तोकिएको समय सिमा भित्र सामान ढुवानी नगरी मिति २०८२।१२।५ गते मात्र कार्यालयमा मालसामान आपुर्ती गरेकोमा प्रथम पटक म्याद थपको अवधि सकिए पश्चायत मालसमान आपुर्ती भएको समय सम्म सार्वजनिक खरिद नियमावली,

२०६४ को नियम १२१ (क) बमिजम सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ती तिर्न लगाउने/निजको अन्तिम भुक्तानीबाट कटौती गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६. डिजिटल विधालय कार्यक्रमको ईलेक्ट्रिक वाईरिङ्ग, नेटवर्किङ्ग, पावर ब्याकअप शिर्षकको बजेट सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा डिजिटल विधालय कार्यक्रमको ईलेक्ट्रिक वाईरिङ्ग, नेटवर्किङ्ग र पावर ब्याकअप शिर्षकमा विनियोजित बजेट रु. २२,५०,०००/- लाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिकुल नहुने गरी तपिशल वमोजिम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिलः

- ईलेक्ट्रिक वाईरिङ्ग- रु. १०,००,०००/-
- नेटवर्किङ्ग, पावर ब्याकअप- रु. रु. १०,००,०००/-
- ईन्टर एक्टिभ वोर्ड स्टयान्ड- रु. २,५०,०००/-

**निर्णय नं. १७. LoCAL परियोजनाका योजना सम्बन्धमा ।**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।२२ गतेको निर्णय अनुसार चालु आ.व २०८२।०८३ बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यसम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु उपभोक्ता समिति/ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.म. | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वसेनीदमार रिचार्ज पोखरी निर्माण र सिचाईकुलो मर्मत योजना | बसेनी दमार सामुदायिक क्षेत्र वन- वडा नं. १ | ३५,००,००० | उपभोक्ता समिति आफै गर्ने ईच्छा व्यक्त नगरेकोले ठेक्का प्रकृयावाट कार्यान्वयन गर्ने । |
| २ | जैविक मल उत्पादन योजना | बसेनी दमार र वगाले सामुदायिक क्षेत्र वन- वडा नं. १ र २ | २५,००,००० | गाउँकार्यपालिकाको मिति २०८२।११।२८ गतेको बैठकको निर्णय नं. ६ अनुसार कार्यान्वयन गर्ने । |
| ३ | विपद प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ६, बुढिचौर | ४०,००,००० | उपभोक्ता समिति आफै गर्ने ईच्छा व्यक्त नगरेकोले ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | विपद प्रभावित समुदायको लागि बहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ५, जस्पुर | ३०,००,००० | उपभोक्ता समिति आफै गर्ने ईच्छा व्यक्त गरेकोले उपभोक्ता समिति मार्फत कार्यान्विन गर्ने । |

**निर्णय नं. १८. बातावरण निरीक्षक/सर्बोच्च अदालतबाट जारी तामेली पत्र सम्बन्धमा ।**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा सर्बोच्च अदालतबाट मिति २०८२।०९।२९ गते जारी सूचना (रिट नं ०८२-WO-०२४४) र यस कार्यालयमा तामेली मिति २०८२।१२।१५ गते भएको पत्र अनुसार लिखित जवाफ तयार गर्न यस गाउँपालिकाका कानुनी सल्लाहकार श्री कृष्ण प्रसाद आचार्यलाई जिम्मेवारी दिने र उक्त लिखित जवाफको प्रतिउत्तर पेश गर्न यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री/अधिकृत स्तरका अन्य कर्मचारीलाई प्रतिनिधि खटाउने निर्णय गरियो । साथै यो बापत लाग्ने नियमानुसारको खर्च कार्यालयले ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १९. विकास निर्माण कार्यमा सहजीकरण सम्बन्धमा।**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस गाउँपालिका भित्र संचालन भईरहेका संघीय र प्रदेश सरकारका समपूरक/शसर्त योजनाका साथै वेलायती सरकारको सहयोगमा संचालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तरगत ठुला पूर्वाधार आयोजना संचालन गर्न नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) आवश्यक रहेको, ठूला योजना कार्यान्वयनको ठेक्का संझौता गरेका निर्माण ब्यबसायीहरुसँगको छलफल समेतका आधारमा बेल्चा प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन् गरी निर्माण कार्य गर्न संभव नहुने आस्था देखिएको छ ।

पालिकाले गाउँपालिकाको वडा नं. १ र २ का रासी र गनाहा खोलाका विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गरी जिल्ला अनुगमन समितिबाट अनुगमन गराई राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समितिबाट सहमति प्राप्त गरी स्थानीय प्रयोजनको लागि नगदी रसिद काटी ढुंगा, गिट्टी, वालुवा उत्खनन् र संकलन गर्ने निर्णय गरिएको, साथै विगत बर्षहरुमा पनि यस्ता प्रकारका ठूला आयोजनाहरु कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदन प्रतिकूल नहुने गरी मेसिन प्रयोग गरी उत्खनन् गरिएको थियो।उक्त कामका लागि पनि विगत आ.ब. मा जिल्ला अनुमगन समिति, जिल्ला विपद ब्यवस्थापन समिति, जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयसँग आवश्यक समन्वय गरी मेसिन प्रयोग गरी तोकिएको समयावधिका लागि उत्खनन् सहजीकरण भएको थियो ।

साथै वडा नं १ र २ का विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनमा मेसिन प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्यनन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही गर्नु पर्नेछ। साथै विपद् सम्वेदनशिल क्षेत्रमा मेसिनको प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद्

व्यबस्थापन समितिको अनुमति लिनु पर्ने भनी उल्लेख गरिएकोले पालिका अन्तर्गत संचालन हुने संघ, प्रदेश र स्थानीय तहका ठुला प्रकृतिका विकास आयोजनाहरुका लगि आवश्यक नदिजन्य पदार्थहरु (ढुङ्गा, गिट्टी र वालुवा) उत्खनन् तथा संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिबेदनका शर्तहरु पालन गर्ने साथै पालिकावाट नियमित अनुगमन हुने गरी मेसिन लगाई निश्चित समय सम्मका लागि नदिजन्य पदार्थ उत्खनन् तथा उपयोगको लागि समन्वय र सहजीकरणका लागि जिल्ला अनुगमन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय प्युठानमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०. आवधिक योजना निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजनाको अवधि चालू आ.ब. मा सकिने भएकोले उक्त ५ बर्षिय आवधिक योजना निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. २१. विद्यालय कक्षा थपको अनुमति सम्बन्धमा ।**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत तपिशलका विधालयहरुले कक्षा थप अनुमति माग गरेकोले देहाय बमिजम कक्षा थपको अनुमति प्रदान गर्न निर्णय गरियो ।

तपशिलः

| क्र.स. | विधालयको नाम र ठेगना | हाल संचालनमा रहेको कक्षा | कक्षा थपको लागि माग गरेको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बालविकास मा.वि. सरुमारानी गाउँपालिका वडा नं. २ गनाहा | माध्यामिक तह कक्षा -९ | माध्यामिक तह-कक्षा १० | |
| २ | श्री सरुमारानी ई. वोर्डिङ्ग स्कुल सरुमारानी वडा नं. -४ बङ्गाडा | आधारभूत तह कक्षा-४ | आधारभूत तह कक्षा-५ | |

**निर्णय नं. २२. बर्थिङ्ग सेन्टर सूचीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा सरुमारानी गाउँपालिका वडा नं. २ मा रहेको ददेरी आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रसुतीसेवा प्रदान हुदै आईरहेको र उक्त स्वास्थ्य संस्थालाई वर्थिङ्ग सेन्टरको रुपमा सूचीकृत गर्न गाउँपालिका र स्वास्थ्य कार्यालयले अनुगमन गर्दा न्यूनतम मापदण्ड पुरा भएकोले उक्त स्वास्थ्य संस्थालाई सूचीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. को स्वीकृत बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत निम्न योजना तथा कार्यक्रम गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजेट किताबको १.४ मा उल्लेखित शिर्षकबाट सिपमुलक तालिममा वचत रकमबाट (संघीय विशेष अनुदान) - | | आधारभूत सिलाई कटाई तालिम-वडा नं. ५ | २०,०००/- | संघीय विशेष अनुदानबाट संचालित सिलाईकटाई तालिममा सहभागी धेरै भएकोले बजेट अपुग । |
| २ | बुडो पधेरो मर्मत योजना | ५०,०००/- | गैराटोल मो.वा.निर्माण योजना-वडा नं. ५ | ५०,०००/- | |
| ३ | कुमाल धामीजाती सशक्तिकरण कार्यक्रम | १,५०,०००/- | कुमाल जाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| | | | धामीजाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| | | | राउत जाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| ४ | अन्य सेवा शुल्क | ७५,००,०००/- | अन्य सेवा शुल्क | १०,००,००० /- | चालु प्रशासनिक शिर्षक |
| | | | करार सेवा शुल्क | ६५,००,०० ०/- | |
| ५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी निःशुल्कवितरण औषधि खरिद तथा ढुवानी | १००००००/- | ददेरी आधारभूत स्वास्थ्य सेवा केन्द्रको वर्थिङ्ग सेन्टर मर्मत तथा टायल विछ्याउने योजना वडा नं. २ | ६५,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत



गा.पा. अध्यक्ष

## निर्णय नं. २४. आर्थिक सहायता सम्बन्धमा।

प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस कार्यालयबाट तपशिलका संस्था/व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय/अनुमोदन गरियो ।

तपशिल

| क्र.स | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | धन बहादुर गुरुङ्ग | वडा नं. २ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| २ | निमन्ता गुरुङ्ग | वडा नं. २ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ३ | सरिता विष्ट | वडा नं.२ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ४ | सूर्यप्रसाद श्रेष्ठ | वडा नं.२ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ५ | पूर्ण बहादुर रानामगर | वडा नं.५ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ६ | शारदा खत्रि | वडा नं.३ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ७ | वालाराम सुनार | वडा नं.२ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ८ | रन्जिता गहतराज | वडा नं.३ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| ९ | कुल वहादुर गुरुङ्ग | वडा नं.३ | १०,०००/- | विपन्न असहाय सहायता कार्यक्रम |
| १० | शिला कुमारी नेपाली | वडा नं. ३ | २५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |

## निर्णय नं. २५. विविध सम्बन्धमा।

- **राष्ट्रिय सहकारी दिवसको लागि सहयोग सम्बन्धमा ।**

  सरुमारानी सहकारी संघ लिमिटेडको मिति २०८२।१२।१६ गतेको पत्र अनुसार ६९ औं राष्ट्रिय सहकारी दिवश मनाउन रु.२५०००/- अन्य संघसंस्था सहायता शिर्षकवाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- **कार्यालय सहयोगी भर्ना सम्बन्धमा ।**

  यस कार्यालयको दैनिक कार्य सम्पादनमा काम गर्न एक जना कार्यालय सहयोगी आवश्यक परेकोले प्रतिस्पर्धाबाट भर्ना गर्ने निर्णय गरियो ।
- **जाली र मोटर खरिद सम्बन्धमा ।**

  विपद् ब्यवस्थापन कोषबाट आगामी विपद्लाई मध्यनजर गर्दै तिन लाख बराबरको जाली र ७५ हजारको मोटरपाईप कार्यालयले खरिद गर्ने निर्णय गरियो ।
- **बाख्रा खरिद सम्बन्धमा ।**

  यस गाउँकार्यपालिकाको मिति २०८२।८।२२ गतेको कार्यपालिकाको वैठकबाट **बजेट किताबको १.३.मा उल्लेखित** विपन्न परिवारका कृषक समूहलाई सिचाई पोखरी, गोठसुधार, विउविजन, फलफूलका बिरुवा उत्पादन तथा खरिद र

वितरण, नश्लसुधार कार्यक्रमहरु संचालन शिर्षकबाट नश्लसुधारको लागि उन्नत जातका बाख्रा खरिद गरी वितरण गर्ने भनी गरिएको निर्णयलाई संशोधन गरी स्थानीय उत्पादनलाई प्रथमिकता दिने गरी उपर्युक्त जातका बाख्रा खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

- **मिनिटेलरको साझेदारी रकम सम्बन्धमा ।**

  यस गाउँकार्यपालिकाको मिति २०८२।८।२२ गतेको कार्यपालिकाको बैठकबाट बजेट किताबको १.४. मा उल्लेखित विपन्न समुदायका सदस्यको लागि मिनिटिलर/हाते टेक्टर लगाएतको कृषि सामाग्री खरिदको लागि रु. ६,८३,०००/- ( ५० प्रतशित अनुदान) शिर्षकलाई संशोधन गरी विपन्न समुदायका सदस्यको लागि मिनिटिलर/हाते टेक्टर लगाएतको कृषि सामाग्री खरिदको लागि रु. ६,८३,०००/- ( १० प्रतशित अनुदान) कायम गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/१२/२०